# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके ।
लुम्बिनी प्रदेश, नेपाल ।

## दरखास्त आह्वान सम्बन्धी सूचना
(सूचना प्रकाशन मिति २०७७/०८/२८ गते।)

यस नेपालगंज उप-महानगरपालिकाको लागि आवश्यक देहायको पद, तह, संख्या र योग्यता भएका कर्मचारी करारमा नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा राजश्व तिरेको सक्कल रसिद सहित रित पुर्वक दरखास्त फाराम भरी बुझाउनहुन यो सूचना प्रकाशित गरिएको छ।

**<u>देहायः</u>**

| सि.नं. | विज्ञापन नं. | पद | तह | पद संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १. | ४/०७७/०७८ | अटोमोवाइल्स इन्जिनियर/ मेकानिकल इन्जिनियर | अधिकृत छैठौ | १(एक) | १०००(एक हजार मात्र) |
| २. | ५/०७७/०७८ | अटोमेकानिक्स मिस्त्री | तह विहिन | १(एक) | ४००(चार सय मात्र) |

१. **<u>अटोमोवाइल्स/मेकानिकल इन्जिनियर पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः</u>**
   क. मान्यता प्राप्त विश्वविद्यालयबाट अटोमोवाइल्स/मेकानिकल इन्जिनियरिङ्गमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।
   ख. विदेशमा अध्ययन गरेको भए समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ।
२. उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको।
३. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवीलाई विषेश प्राथमिकता दिइनेछ।
४. छनौटको किसिमः संक्षिप्त योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा (वस्तुगत बहुबैकल्पिक) र अन्तर्वार्ता।
५. **<u>अटोमेकानिक्स मिस्त्री पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः</u>**
   क. साधारण लेखपढ गर्न जान्ने।
   ख. अटोमोवाइल्स वर्कसप सम्वन्धी क्षेत्रमा कम्तिमा ५ (पाँच) वर्षको अनुभव भएको।
६. उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ५० बर्ष ननाघेको।
७. छनौटको किसिमः संक्षिप्त योग्यताक्रमको सूची प्रकाशन, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता।

८ **<u>दरखास्त फाराम साथ बुझाउनुपर्ने आवश्यक कागजातहरुः</u>**
- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (मेकानिकल इन्जिनियरको लागि मात्र)
- पासपोर्ट साइजको फोटो ३ प्रति
- अनुभव खुलाउने प्रमाणपत्र (अटोमेकानिक्स मिस्त्री पदको लागि अनिवार्य)

९. दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछिको कार्यालय खुलेको पहिलो दिन।
१०. सेवा सुविधाः अधिकृतस्तर छैठौं तहको हकमा नियमानुसार, अटोमेकानिक्स मिस्त्रीको हकमा आपसी सहमतिमा हुनेछ।
११. सम्पर्क मितिः दरखास्त फाराम बुझाउने अन्तिम दिनको भोलिपल्ट।
१२. थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
१३. दरखास्त फाराम एवं पाठ्यक्रम यस कार्यालयको वेवसाइटः
    http://nepalgunjmun.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत